परशुराम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लालढुङ्गा, जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश
२०७३

आज मिति २०७५।६।०४ गतेका दिन यस परशुराम नगरपालिका नगरकार्यपालिकाको वाह्रौ बैठक नगर प्रमुख श्री भरत बहादुर जोशी ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसि देहायको निर्णय गरियो।

उपस्थिति

| | | | |
|---|---|---|---|
| नगर प्रमुख | | | श्री भरत बहादुर जोशी |
| नगर उपप्रमुख | | | श्री बिमला कुमारी बोहरा |
| १ नं. वडा अध्यक्ष | | | श्री लाल बहादुर धामी |
| २ | ,, | ,, | श्री रमेश ब. बोहरा |
| ३ | ,, | ,, | श्री नरेश ब. खवास |
| | ,, | ,, | श्री विश्राम सिं. बोहरा |
| ५ | ,, | ,, | श्री दिल ब. शाही |
| ६ | ,, | ,, | श्री खगेन्द्र ब. सिंह |
| ७ | ,, | ,, | श्री कर्ण ब. धामी |
| ८ | ,, | ,, | श्री दिनेस प्र. जोशी |
| १० | ,, | ,, | श्री राजकुमार भाट |
| ११ | ,, | ,, | श्री प्रकास ऐर |
| १२ | ,, | ,, | श्री महाबिर कामी |
| नगरकार्यपालिका सदस्य | | | श्री कु. मिना जोरा भण्डारी |
| | ,, | ,, | श्री दुरा खाती |
| | ,, | ,, | श्री बिमला खाती |
| | ,, | ,, | श्री लिलावती कु. बोहरा |
| | ,, | ,, | श्री हेमन्ती दमाई |
| | ,, | ,, | श्री गौरे लुहार |
| | ,, | ,, | श्री जय ब. जोरखेडा |
| | ,, | ,, | श्री छविराम कामी |
| प्रमुख प्र. अधिकृत | | | श्री तारानाथ पनेरु |

**मिति २०७९।०६।०४ गतेको परशुराम नगरकार्यपालिकाको बाहौं बैठकको निर्णयहरु:**

**निर्णय नं. ०१**

हाले परेको अविरल वर्षाका कारण आएको बाढी पहिरो ले गर्दा यस परशुराम नगरपालिका वडा नं. ०६ को सिमलखेत, ठन्जाला लगायतका क्षेत्रहरुमा भएको धानबाली, घरगोठ र तटबन्धमा भएको क्षती तथा अन्य विभिन्न वडाहरुमा भएको विभिन्न प्रकारका क्षतीबाट प्रभावितहरुको उद्धार, राहात र पुनर्निर्माणका लागि नगरपालिकाले हाल सम्म गरेको पहलको जानकारी गरियो । सबै वडा कार्यालयले आ आफ्नो भित्र अविरल वर्षाका कारण आएको बाढी पहिरो भुक्षयबाट कारण भएको वास्तविक क्षतिको विवरण एक हप्ता भित्र तयार गरी नगरपालिकामा पेश गर्ने ।विपद् प्रभावित क्षेत्रहरुमा उद्धार र राहतका साथै प्रभावितहरुको पुनर्स्थापना र पुनर्निर्माणका लागि संघ सरकार र प्रदेश सरकार समक्ष पहल गर्ने निर्णय गरियो।

साथै अति आवस्यक परेमा विपद् प्रभावितहरुलाई नगरपालिकाबाट उद्धार तथा राहत सामग्री वितरण गर्ने र नगरपालिकाको विपद् व्यवस्थापन कार्यक्रममा हातेमालो गर्दै एकद्वार प्रणाली मार्फत विपद् प्रभावित क्षेत्रहरुको सुरक्षाका लागि ताराजाली, तटबन्ध निर्माण लगायतका नदी नियन्त्रणका कार्य गर्न गराउन आवस्यक सहयोगका लागि सरकारी तथा गैरसरकारी संघसंस्थाहरु, उद्योगपती, व्यापारी, कर्मचारी, शिक्षक, निजि क्षेत्र, इच्छुक महानुभावहरु लगायत सम्पूर्णमा हार्दिक अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ०२

अविरल वर्षाका कारण बाढी पहिरोले गर्दा अवरुद्ध भएका १२ वटै वडाहरुका सडकहरु सरसफाई गरी सुचारु गर्नका लागि सडक सरसफाइको लागि विनियोजित इन्धन शिर्षकबाट इन्धन भुक्तानी हुने गरी नगरपालिकाको व्याक हो लोडर, ट्रिपर प्रयोग गर्ने र नगरका साधनबाट सफाइ गर्न नसकिने अवस्था भएमा कार्यालयको आवश्यकताका आधारमा अन्य निजी व्याक हो लोडर र एक्साभेटरको भाडामा लिइ प्रयोग गर्ने र सोका लागि व्याक हो लोडर र एक्साभेटरको क्रमश: प्रतिघण्टा रु. २८०० र रु. ५५०० (सवै कर र सुविधा सहित) मा नबढ्ने गरी इच्छुक निर्माण व्यवसायीबाट दररेट माग सम्बन्धी सूचना आह्वान गर्न कार्यालयलाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो।साथै सोको लागि वजेटको व्यवस्थापन नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट गर्ने निर्णय गरियो ।परशुराम नगरपालिका वडा नं. ०६ सिमलखेतमा बाढीका कारण पन्तुरा र रंगुन खोलामा लगाइएको भत्केको तटबन्धको मर्मत तथा पुनर्निर्माणका लागि तारजाली व्यवस्थापन गर्न नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट आवस्यक वजेट व्यवस्थापन गर्ने निर्णय गरियो । सो को लागि प्रकृया अगाडी बढाउन कार्यालयलाइ स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ०३**

यस परशुराम नगरपालिकामा चालु आ. व. २०७९।०८० मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा छनौट भएका विद्यालयहरु मध्ये ४ कोठे भवनका लागि प्रति विद्यालय रु. ५०,००,०००। (पचास लाख मात्र) र २ कोठे भवनका लागि प्रति विद्यालय रु. २५,००,०००। (पच्चीस लाख मात्र) वजेट विनियोजन भएकोमा उक्त भवनहरुको क्रमशः रु. ७०,००,०००। (सत्री लाख मात्र ) र ३५,००,०००। (पैतीस लाख मात्र) को सिमा भित्र रही डिजायन, स्टिमेट लागत अनुमान गरी टेण्डर आह्वान गर्ने र स्वीकृत टेण्डरको रकम विनियोजित वजेट भन्दा बढी हुन आएमा थप हुन आएको दायित्व नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो । साथै नगरपालिकाको चालु आ. व. को वजेट तथा कार्यक्रममा वजेट विनियोजन भएका तपसिलका योजनाहरुको टेण्डर आह्वान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. सं. | योजनाको नाम | विनियोजित वजेट | टेण्डर आह्वान गर्ने डिजायन स्टिमेट बमोजिमको अनुमानीत लागत अनुमानको अधिकतम सीमा | कैफियत |
|---|---|---|---|---|
| १ | सिद्धनाथ आ. वि. साइसौन (प्रदेश विशेष) पनपा ०८ | २५,००,०००। | ३४,००,०००। | भ्याट र कन्टिन्जेन्सी सहित |
| २ | महादेव आ. वि. करेनी निर्माणाधिन भवन पनपा ०८ | १०,५०,०००। | १४,००,०००। | |
| ३ | बैजनाथ मा वि जमरानी अधुरो भवन निर्माण प न पा ०८ | १०,५०,०००। | २५,००,०००। | |
| ४ | सहरी स्वास्थ्य केन्द्र भवन निर्माण गोगन, पनपा ०२ | ८,००,०००। | ३४,००,०००। | |
| ५ | लिप्ना सेला पातल नायल बुडर सडक | ८,००,०००। | ३०,००,०००। | |
| ६ | आपतकालीन सुरक्षित आवास गृह निर्माण पनपा ०६ | २४,००,०००। | ३३,००,०००। | भ्याट बाहेक |

परशुराम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लालडढा, जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश
२०७३

साथै माथी उल्लेखित योजनाहरुको टेण्डर स्वीकृत वजेट रकम विनियोजित वजेट भन्दा थप हुन गएमा थप हुन गएको रकमको दायित्व नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ०४**

नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८ को दफा १६ (ज) बमोजिम यस नगरपालिकामा कार्यक्रमको तर्जुमा र कार्यान्वयनको सहजीकरणको निम्ति नगर प्रमुख ज्यूको संयोजकत्वमा देहायको एक ३ सदस्यीय नविनतम साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

संयोजक - नगर प्रमुख श्री भरत बडायर जोशी

सदस्य - नगर उपप्रमुख श्री विमला कुमारी बोहरा

सदस्य – नगरकार्यपालिका सदस्य श्री जयबहादुर ओखेडा

**निर्णय नं. ०५**

श्री सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाई धनगढी, कैलालीको मिति २०७९/०५/३१ गतेका दिन दोश्रो पटक प्रकासित सूचना बमोजिम यस परशुराम नगरपालिकाको तर्फबाट कुल वजेट रु. २,१४,२८,०००। को परशुराम डिजिटल नगर नामक अवधारणा पत्र पेस गर्ने र उक्त कुल वजेटको ३० प्रतिसत लागत साझेदारी रकम यस नगरपालिकाको सम्बन्धीत वजेट शीर्षकबाट व्यहोर्ने निर्णय गरियो ।